निर्वाचन आयोग, नेपाल

# प्रदेश सभा सदस्य निर्वाचन समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिएका राजनीतिक दलहरुले निर्वाचन खर्च बुझाउने सम्बन्धी सूचना

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ मा निर्वाचनमा उम्मेदवार र दलले खर्च गर्न पाउने रकमको हद आयोगले तोक्ने र खर्च भएको सम्पूर्ण रकमको विवरण आयोगले तोकेको ढाँचामा राख्नुपर्ने समेतको व्यवस्था रहेको छ । सोही दफाको उपदफा (४) मा निर्वाचन खर्चको विवरण दल, उम्मेदवार वा तिनका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ (पैंतीस) दिनभित्र आयोग वा आयोगले तोकेको कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।

संवत् २०७४ साल मंसिर १० र ऐ. २१ गते निर्वाचन सम्पन्न भई २०७४।१०।३ मा प्रदेश सभा सदस्य अन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनको परिणाम सार्वजनिक भई सकेको हुँदा प्रदेश सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिएका राजनीतिक दलले उक्त निर्वाचनको सिलसिलामा गरेको निर्वाचन खर्चको विवरण प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) एवं प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ को दफा ४३ को उपदफा (४) बमोजिम निर्वाचनको परिणाम प्रकाशन भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस आयोग समक्ष पेश गर्नका लागि सम्बन्धित सबै राजनीतिक दलहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

निर्वाचन आयोग, नेपाल

# लेखापरीक्षण प्रतिवेदन बुझाउन राजनीतिक दलहरुलाई सूचना

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४१ को उपदफा (१) मा दलले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफ्नो आय र व्ययको लेखापरीक्षण कानून बमोजिम इजाजत प्राप्त लेखा परीक्षकबाट गराई एक महिनाभित्र आयोगमा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ भने राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम १४ को उपनियम (१) मा लेखापरीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने विवरणको बारेमा उल्लेख गरिएको छ । अतः उल्लिखित कानूनी व्यवस्था अनुसारका विवरण समेत खुलाई दलहरूले आफ्नो आय-व्ययको विवरण मिति २०७४ माघ मसान्तसम्ममा आयोग समक्ष बुझाउन र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४१ को उपदफा (५) बमोजिम आयोग समक्ष लेखापरीक्षण प्रतिवेदन पेश गरेको मितिले एक महिनाभित्र त्यस्तो लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्न समेत सम्बन्धित सबै राजनीतिक दलको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।